
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ८७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० चैत २८ गते बुधबार ❑ 10 April 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरामा कृषि जैविक विविधता सम्बन्धी अर्न्तराष्ट्रिय सम्मेलन सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

कृषि जैविक विविधतामा धनि मुलुक नेपालले यसबाट फाइदा लिन नसकेको एक कार्यक्रमका वक्ताहरुले बताउनु भएको छ।

मंगलबारदेखि पोखरामा सुरु भएको कृषि जैविक विविधता सम्बन्धी अर्न्तराष्ट्रिय सम्मेलनमा सहभागीहरुले विश्वकै दुर्लभ कृषि जैविक विविधतामा नेपाल त्यसको अथाह सम्भावना भएको नेपालले यसबाट खासै फाइदा लिन नसकेको बताउनु भएको हो । अझै पनि नेपाल यस क्षेत्रबाट व्यवसायिक हुन नसकेको बताउँदै सहभागीहरुले यसको उचित संरक्षण, संर्बद्धन र उत्पादन गरी त्यसबाट उचित ढंगले फाइदा लिन सक्नुपर्नेमा बताउनुभयो।




फरेष्ट एण्ड फार्म प्रोड्यूसर अर्गनाइजेसनको आयोजनामा पोखरामा सुरु भएको उक्त तालिमको कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वालाकुमारी शाहले उद्घाटन गर्दै नेपालमा ६ हजार ६ सय १८ प्रजातिका बालीहरु उत्पादन हुने गरेको बताउनु भयो । उहाँले रैथाने बाली संरक्षण चुनौतिपूर्ण अवस्थामा रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमबाट रैथाने वाली संरक्षणमा थप टेवा पुग्ने उहाँले विश्वास व्यक्त गर्नु भयो। मन्त्री शाहले नेपाल जैविक विविधताको धनी देश भएको दाबी गर्दै यसबाट नेपालले फाइदा लिन नसकेको जनाउनु भयो । कृषि जैविक विविधता संरक्षणमा संघ, प्रदेश र स्थानिय तह गरेर तीनै तहका सरकारले यसमा संरक्षण, सम्बर्द्धन सहित उत्पादन र आम जनतालाई कसरी फाइदा पुग्छ त्यस तर्फ लाग्नु पर्नेमा जोड दिनु भयो । लोपोन्मुख रैथाने बालीको संरक्षण गर्दै प्रविधिको प्रयोग गरेर उत्पादन बृद्धि गर्ने, वातावरण अनुकुलन गर्ने, कार्य सहज बनाउँदै दीगो उपयोगिता गर्न जरुरी रहेको दाबी गर्दै मन्त्री शाहले गुणात्मक विकास गर्न जरुरी रहेको उल्लेख गर्नु भयो। उक्त कार्यक्रमको अध्यक्षता भने वन तथा वातावरण मन्त्री नवलकिशोर शाह सुडी गर्नु भएको हो । कार्यक्रममा बोल्दै उहाँले जैविक विविधता संरक्षणको जिम्मेवारी बिषेश गरी किसानहरुले नै गर्नु पर्ने बताउनु भयो । फुड एण्ड एग्रिकल्चर अर्गनाइजेसनका नेपाल र भुटान प्रतिनिधि केन सिमिजुले जैविक विविधता जोगाउनु चुनौतिपूर्ण रहेको बताउनु भयो । जैविक विविधतामा नेपाल धनी भएसंगै यहाँ जलवायु परिवर्तनको जोखिममा पनि बढ्दो रुपमा रहेको उहाँको भनाई थियो।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फेकोफन) का अध्यक्ष ठाकुर भण्डारीले प्रविधिको प्रयोग मार्फत कृषि उत्पादन बढाउँदा जैविक विविधताको संरक्षणमा ध्यान दिन आग्रह गर्नु भयो। कृषि र वनलाई एकीकृत योजना बनाएर नेपालले काम गर्ने प्रयास गरिरहेको बताउदै उहाँले कृषि जैविक विविधताको क्षेत्रमा नेपालले संरक्षण, सम्वर्द्धन र उपयोगिताको नीति अवलम्वन गरिरहेको उल्लेख गर्नु भयो । आईआईईडीका वन डाईरेक्टर डन्कन म्याक्विनले नेपाल जैविक विविधिकरणको केन्द्र बन्ने विश्वास व्यक्त गर्नु भयो। जैविक विविधिकृत कृषि प्रणाली अप्नाएर उत्पादन र मुनाफा पनि बढाउने र कृषिलाई थप सहज बनाउन प्रत्यत्नशील रहेको उहाँको भनाई थियो । फरेष्ट एण्ड फार्म फ्यासिलिटीका म्यानेजर लुईस मिगुईल अपारि सियोले सामाजिक, आर्थिक परिवर्तनसँगै वातावरण सन्तुलन कायम राखेर जलवायु परिवर्तन न्यूनिकरणका लागि उत्थानशील हुनुपर्ने बताउनु भयो। पोखराको पाँचतारे होटल पोखरा ग्राण्डमा मंगलबार देखि चार दिन चल्ने उक्त सम्मेलनमा नेपाल सहित ३२ देशका १ सय ७३ जना सहभागि हुनु भएको छ।

नेपालबाट १ सय जना कृषि विशेषज्ञ, कृषि क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि तथा सरकारी अधिकारीहरुको सहभागिता रहेको छ भने अन्य ७३ जना अन्य ३१ देशका प्रतिनिधिहरु रहनु भएको छ। वन तथा कृषि उत्पादक संघहरुको समेत सम्मेलनमा सहभागिता रहेको संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनकी वन तथा कृषि सहज कार्यक्रमकी नेपाल सहजकर्ता रक्षा शाहले बताउनु भयो।

## ट्होटें पर्वको अवसरमा पोखरामा ऱ्याली प्रर्दशन

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

तमु समुदायको महत्वपूर्ण सांस्कृतिक पर्वको रुपमा रहेको ट्होटें पर्वको अवसरमा मंगलबार पोखरामा झाँकी सहितको वृहत् ऱ्याली प्रदर्शन गरिएको छ।

पोखरा नयाँबजारमा रहेको तमु धिँ नेपालको कार्यालयबाट सुरु भएको ऱ्याली नयाँबजार, पृथ्बीचोक, सभागृहचोक हुदै पोखरा सभागृहमा पुगेर टुगिएको थियो । चैत महिना र साउन महिनाको अन्तिम मङ्गलवार पोखरामा हरेक बर्ष धुमधामका साथ मनाइदै आएको उक्त पर्व यस बर्ष पनि पोखरामा धुमधामका साथ मनाइएको तमु धिँ नेपालका अध्यक्ष हुम तमुले बताउनु भयो । ट्होटें पर्व तमु समुदायले वर्षको दुई पटक चैत र साउनको अन्तिम मङ्गलवार मनाउँदै आएको पाइन्छ। तमु धिं नेपालको आह्वानमा पोखरामा विभिन्न गुरुङ समुदायका संघ सङ्गठनका प्रतिनिधिहरू झाँकी सहित विभिन्न जनवारदेखि, भूत, प्रेतका चित्रजस्ता मुकुन्डो, कालोमोसो, विभिन्न रङरोगन लगाएर रंगीबिरंगी झाँकी, लेकमा बस्दा निर्माण गरिने हस्तकलाका सामाग्री समेत ऱ्यालीमा प्रर्दशन गरिएको थियो।



आफ्नो मौलिक सांस्कृतिक पर्व ट्होटे पर्व मनाउन पोखरामा विभिन्न ठाउँबाट पोखरा आई बसोबास गरेका तमुहरू आफ्नो कला संस्कृति झल्कने र आफ्नो परम्परागत भेषभुषामा समेत सजिएर ऱ्यालीमा सहभागी हुनु भएको थियो।

## गण्डकी प्रदेश सरकार चार वर्षसम्मै टिक्छः मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पर्वत, २७ चैत

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले आफू नेतृत्वको गण्डकी प्रदेश सरकार चार वर्षसम्मै टिक्ने दाबी गर्नुभएको छ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) पर्वतको दशौं जिल्ला अधिवेशनलाई मंगलबार कुश्मामा सम्बोधन गर्दै मुख्यमन्त्री अधिकारीले अहिलेको नयाँ गठबन्धन कुनै हालतले छिन्नभिन्न नहुने भन्दै यो सरकार चार वर्षसम्मै टिक्ने दाबी गर्नुभयो। फाइदाका लागि मात्र गठबन्धन गर्नु उचित नहुने भन्दै मुलुक बनाउनका लागि गठबन्धनमा सामेल भएका सबै दल एकजुट भएको उहाँको भनाइ छ। मुख्यमन्त्री अधिकारीले केही दिनमै गण्डकी प्रदेश सरकारले पूर्णता पाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सरकारलाई पूर्णता दिएर विश्वासको मत लिने र आफूले विश्वासको मत पाउनेमा कुनै शङ्का नरहेको पनि उहाँको भनाइ रहेको छ। पृथ्वीसुब्बा गुरुङ नेतृत्वको पहिलो गण्डकी सरकारले थालेका अधुरा कामलाई आफूले पूर्णता दिने उहाँले बताउनुभयो । 'समृद्ध प्रदेश सुखी प्रदेशवासी' भन्ने मूल नारालाई पूर्णता दिन गण्डकी प्रदेश सरकारले अहोरात्र खटेर काम गर्ने उहाँको भनाइ थियो । संविधान अनुरुपनै नयाँ सरकार गठन भएकाले यसलाई असंवैधानिक भन्नु गलत भएको भन्दै उहाँले कार्यकर्तालाई निराश नभइ सरकारलाई सक्दो सहयोग र हौसला प्रदान गर्नसमेत आग्रह गर्नुभयो।




## ६ पालिका उपप्रमुख एवं न्यायिक समिति संयोजकहरु एकैथलोमा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

स्थानीय तहमा गठन भएका न्यायिक समिति नयाँ अभ्यास भएका कारण यसलाई सफल बनाउनुपर्नेमा जोड दिइएको छ।

पोखरा महानगरपालिका न्यायिक समितिले मंगलबार आयोजना गरेको "एकदिवसीय न्यायिक समिति कानुनी प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रममा" कास्कीका पाँच, फेदिखोला नगरपालिका उपप्रमुख एवं न्यायिक समिति संयोजक तथा सदस्यहरुले न्यायिक समितिलाई प्रभावकारी र विश्वसनीय बनाउन आवश्यक रहेकोमा जोड दिनुभएको छ।



कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुङले न्यायिक समिति संवैधानिक ब्यवस्था भएकाले यसलाई सफल बनाउन उपप्रमुखहरुको प्राथमिकता न्यायिक समिति हुनुपर्ने बताउनुभयो । "न्यायिक समिति नेपालको सर्न्दभमा नयाँ अभ्यास हो यसलाई हामीले सफल बनाउनुपर्छ र प्राथमिकतामा राखेर काम गर्नुपर्छ ।" उहाँले निर्वाचन अघि जुनसुकै पार्टीबाट उम्मेदवार बनेपनि जितेर आएपछि साझा ब्यक्ति भएकाले नागरिकले न्यायको अनुभुति गर्ने गरी निष्पक्ष भएर काम गर्नसके मात्रै सफल हुन्छौँ भन्नुभयो।न्याय दिने कुरामा पार्टीको दबाब, नाताबाद र आफन्त नहेरी काम गरे संविधानले परिकल्पना गरे अनुसार सफल हुन्छौ उहाँले भन्नुभयो, "हामी कानुनी पृष्ठभुमिबाट नआएपनि अध्ययन गर्ने र कानुनका विज्ञसंग परामर्श लिएर अगाडी बढे समस्या हुदैन्। त्यसैले न्यायिक समितिलाई सफल बनाउने जिम्मेवारी हाम्रो हो।" फेदिखोला गाँउपालिकाका उपाध्यक्ष देउकुमारी गुरुङले न्यायिक समितिको जिम्मेवारी ओझिलो रहेको बताउर्दै यो महत्वपुर्ण छ भन्नुभयो । "यो ओझिलो छ । यसले महत्व राख्छ संघियता कार्यान्वयन र न्यायिक समितिलाई संस्थागत गर्न भुमिका खेल्छ ।"उहाँले पोखरा महानगरले कार्यक्रम आयोजना गरेर सिक्ने अवसर पाएको बताउनुभयो । उहाँले आफनो पालिकामा भएका कामको बारेमा भन्ने र अन्य पालिकाकाबाट सिक्ने अवर पाएको बताउनुभयो।

अन्नपुर्ण गाँउपालिका उपाध्यक्ष चन्दकला अधिकारीले न्यायिक समितिहरुले गरिरहेका कार्य, समस्या र चुनौतीबारे कार्यक्रम आयोजना अनुभव साटने र सुनाउने अवसर महानगरले पदान गरेको बताउनुभयो । उहाँले दक्ष कर्मचारीको अभावका कारण केही असहज भएको बताउर्दै यसलाई सफल बनाउन सबैले जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो। मादी गाँउपालिका उपाध्यक्ष कल्पना गुरुङले न्यायिक समितिले सम्पादन गरेका कार्यहरुका बारेमा जानकारी गराउर्दै नयाँ अभ्यास भएकाले सफल बनाउन दक्ष कर्मचारीको आवश्यकता रहेको उल्लेख गर्नुभयो । माछापुच्छ्रे गाँउपालिका उपाध्यक्ष सीता अधिकारीले समयमा म्याद पठाउन नसक्नु र न्यायिक समितिमा कर्मचारीको अभाव रहेको बताउनुभयो। माछापुच्छ्रेले न्यायिक समितिको अधिकार क्षेत्र लगायतका विषयमा नागरिकलाई जानकारी गराउन कार्यक्रम संचालन गरिहेको बताउनुभयो।

कार्यक्रममा अधिबक्ता गिरीधारी सुवेदीले न्यायिक समितिको संरचनात्मक व्यवस्था कार्यविधि, न्यायिक अधिकारको प्रयोगबाट सिर्जना हुने अवसरहरु, न्यायिक समितिको अवसर र चुनौती, स्थानीय तहका न्यायिक अधिकारहरु, स्थानीय न्यायिक समिति र अधिकारहरु कार्यान्वयनका जटिलताका विषयमा सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा पोखरा महानगरपालिका, रुपा,माछापुच्छ्रे,अन्नपूर्ण र फेदिखोला गाँउपालिकाकाले न्यायिक समितिमा परेका उजुरीको संख्या, पछ्यौटको अवस्था तथा अवसर र चुनौतीका बारेमा पस्तुत गरेका थिए । कार्यक्रममा स्वागत गर्दै पोखरा महानगरपालिका न्यायिक समिति सदस्य कालिदास पोखरेलले न्यायिक समितिमा आउने समस्याको पहिचान, समस्याको समाधान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आलु महोत्सवमा बढ्दो सहभागिता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत



१२ औं राष्ट्रिय हेमजा आलु महोत्सवमा दिनप्रतिदिन दर्शक सहभागिता बढ्दै गएको छ ।महोत्सव मध्येतिर आइरहदाँ दर्शक सहभागिता पनि बढ्दै गएको हो ।

महोत्सवको तेस्रो दिन मगलवार मात्रै १० हजार बढी दर्शकले महोत्सव अवलोकन गरेका छन् । जुन महोत्सव उद्घाटनको दिन आइतवार तथा दोस्रो दिन सोमवारको भन्दा निकै बढी हो । हालसम्म १५ हजार बढी दर्शकले महोत्सवअवलोकनगरिसकेकोमूल आयोजक समितिका महासचिव वसन्तकुमार श्रेष्ठले जानकारी दिए। महोत्सव अवलोकन गर्नकै लागि हेमजा लगायत पोखरा महानगरपालिका, अन्नपूर्ण तथा माछापुच्छ्रे गाउँपालिका साथै छिमेकी जिल्लाबाट समेत मानिसहरु महोत्सव स्थल पुगेका छन् । महोत्सव प्रवेशका लागि साधारण ८० तथा विद्यार्थीका लागि ५० रुपैयाँमा टिकट व्यवस्था गरिएको छ ।जसअनुसार दर्शक सहभागिता बढ्दै जाँदा आयोजक समेत हैसिएको छ। कृषि उपजमा नाममा भएको महोत्सव आफैमा महत्वपूर्ण भएकाले परिवार सहित अवलोकन गर्न आएको मंगलवार महोत्सव स्थलमा भेटिएकी तनहुँ शुक्लागण्डकी ९ की राममाया थापाले बताइन् । त्यसका साथै आलु लगायत अन्य स्टलवाट सामग्रीको बिक्रीवितरण हुने क्रम समेत हवातै बढेको छ ।मंगलवारसम्मका ६ सय ३८ घरपरिवार मानिसले आलु किनी लगेको कृषि उपज व्यवस्थापन समितिका संयोजक जयराम तिम्सिनाले जानकारी दिए । स्याङजा, चितवन, तनहुँ लगायतका जिल्लाबाट समेत मानिस महोत्सवमा आई आलु किनी लगेको र हालसम्म न्यूनत्तम १० तथा अधिकत्तम १ सय ५० केजीसम्म प्रति परिवारले आलु खरिद गरेको संयोजक तिम्सिनाले बताए ।महोत्सवको तेस्रो दिन मंगलवारसम्म करिव रु.६ लाखको आलु कारोवार भएकोका प्रतिकेजी रु.४० मा आलु बिक्री गरिएको छ । महोत्सव अन्तर्गत मंगलवार कलाकारहरु जीवन दाहाल, शिवहरी ढुङगाना, परशुराम अधिकारी, बविता जेरी, चोलेन्द्र पौडेल, अमर धिताल, सन्तोष सुवेदी, पुजा तामाङ र नविता सुवेदीका प्रस्तुतिहरु रहे भने बुधवार सम्झना लामिछाने मगर, जीवन दाहाल, पार्वती जिसी, शिवहरी ढुङगाना, रामजी पौडेल, मधु थापा मगर, यम नेपाली, यलिना रायमाझी तथा ओएआउट व्याण्डका प्रस्तुतिहरु रहने आयोजकले जनाइएको छ।

त्यस्तै रत्यौली गीत प्रतियोगिता पनि सुरु भएको छ ।रत्यौलीतर्फ मंगलवार तिन समूह लामाचौतारा खुट्टेगौडा आमा समूह, माछापुच्छ्रे सेवा समाज तथा लक्ष्मी आमा समूहका प्रस्तुति रहे ।त्यस्तै नवजागरण बाल भजन समूहले पनि आफ्नो प्रस्तुति राख्यो ।

महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको प्रदर्शनी, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार प्रदर्शन, माटो र बोटबिरुवाको परीक्षण तथा रोगको निदान, कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रदर्शनी, कृषि विज्ञ र किसानबीच अन्तर्क्रिया, विभिन्न कृषि उपज, बिउबिजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी, कृषक सम्मान तथा पुरस्कार, रत्यौली गीत प्रतियोगिता, हास्य व्यङ्ग्य एवम् लाइभ पप कन्सर्ट लगायत छन्।

# फोर्टी फाइभ प्लस भेट्रान्स फुटवल प्रतियोगितामा ढोलाहिटी, हेटौंडा र चितवन सेमी फाइनल प्रवेश

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखरा रंगशालामा अमरसिंह ब्वाइज क्लबको आयोजनामा जारी राष्ट्रिय एट ए साईड फोर्टी फाइभ प्लस भेट्रान्स प्रतियोगितामा ढोलाहिटी, हेटौडा र चितवन भेट्रान्स सेमी फाइनलको यात्रा तय गरेका छन ।



मंगलबार सम्पन्न पहिलो खेलमा ढोलाहिटी फ्रीडमले लेकसाइड भेट्रान्सलाई २–१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको छ । प्रतियोगितामा ढोलाहिटीको तर्फबाट राजकुमार केसी र तेज बहादुर झलारीले १/१ गोल गरेका थिएभने लेकसाइड भेट्रान्सका शिव बहादुर भट्टराइले शान्तवना गोल गरेका थिए। दोश्रो खेलमा हेटौडा भेट्रान्सले संगम भेट्रान्सलाई ३–० गोल अन्तरले पराजित गर्न सफल भयो । उक्त खेलमा हेटौडाका जगतमान लामा, बिजय श्रेष्ठ र प्रदिप लामाले गोल गरेका थिए। मंगलबार सम्पन्न अन्तिम खेलमा चितवन भेट्रान र एक्स वारिअर बिच निर्धारित समयमा कुनैपनि गोल हुन नसकेपछि टाइब्रेकरमा ३–२ गोल गर्दै चितवन भेट्रान्स अघिल्लो चरणमा प्रवेश गर्न सफल भयो । खेलमा चितवन भेट्रान्सका गोलरक्षक छुन्नुराम चौधरी म्यान अफ द म्याच घोषित भए । चौधरीले एक्स वारिअरका तिल कुमार गुरुङले प्रहार गरेको बल रोक्न सफल भएका थिए । प्रतियोगितामा बुधवार पहिलो खेल ढोलाहिटी र चितवन बीच र दोश्रो खेल हेटौडा र आयोजक एबिसी बिच फाइनलको लागि प्रतिस्पर्धा हुनेछ। ९ टीमको सहभागीता रहेको उक्त प्रतियोगिताको बिजेताले नगद १ लाख ५५ हजार ५ सय ५५, शिल्ड र मेडल प्राप्त गर्ने छन भने उपबिजेताले नगद ७७ हजार ७ सय ७७, शिल्ड र मेडल प्राप्त गर्ने आयोजक अमरसिंह ब्वाइज क्लबका सचिव बिजय घिमिरेले जानकारी दिए।

# घान्द्रुक पर्यटन महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

कास्कीको अन्नपूर्ण गाउँपालिका-१०/११ घान्द्रुकमा 'पर्यटन महोत्सव' सुरु भएको छ । 'सबै मौसममा पर्यटन' भन्ने नारासहित आजदेखि सुरु भएको घान्द्रुक पर्यटन महोत्सव चैत ३० गतेसम्म सञ्चालन हुनेछ।



सो महोत्सवको उद्घाटन अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर केसीले गरे। महोत्सवको उद्घाटनपछि बोल्दै अध्यक्ष केसीले घान्द्रुकको मौलिकता र संस्कृति जोगाउने कर्तव्य सबैको रहेको बताए। 'अन्नपूर्ण गाउँपालिकाको ७ देखि ११ नम्बर वडा हामीले पर्यटकीय क्षेत्रको रुपमा अगाडि सारेका छौं, अध्यक्ष केसीले भने, 'गाउँपालिकाको पर्यटकीय क्षेत्रको रुपमा १०/११ मा पर्ने घान्द्रुक आन्तरिक तथा बाह्य पर्यटकको रोजाईको केन्द्र हो। त्यसैले घान्द्रुकको मौलिकता र संस्कृति जोगाउनु हामी सबैको कर्तव्य हो।'

अध्यक्ष केसीले आफ्नो कार्यकालमा घान्द्रुक आउने सडक कालोपत्र गर्ने बताउँदै घान्द्रुकमा पर्यटकको बसाई लम्बाउने विषयमा केन्द्रित हुनुपर्ने बताए । 'हाम्रो कार्यकाल भित्र घान्द्रुकसम्म आउने सडक कालोपत्र गर्छौं । सडक कालोपत्र भएपछि पोखराबाट केही घण्टामै पर्यटक घान्द्रुक आउन सक्छन्, अध्यक्ष केसीले भने, 'घान्द्रुक आएका आन्तरिक तथा बाह्य पर्यटकहरुको बसाई लम्बाउन स्थानीय सरकार, व्यवसायी र स्थानीयहरु त्यस विषयमा केन्द्रित हुनुपर्छ ।' यस्तै अन्नपूर्ण गाउँपालिका-१० घान्द्रुकका वडाध्यक्ष गौतम गुरुङले घान्द्रुक पर्यटकका लागि स्थापित भइसकेकाले चुनौतीसमेत थपिदै गएको बताए । 'घान्द्रुक आन्तरिक तथा बाह्य पर्यटकहरुको लागि स्थापित भइसकेको छ । हिजोको घान्द्रुक र आजको घान्द्रुकमा परिवर्तन भएको छ, वडाध्यक्ष गुरुङले भने, ' पर्यटकहरुका लागि स्थापित भइसकेको घान्द्रुकलाई जिवन्त राख्न घान्द्रुकको मौलिकता जोगाई राख्न सबैले हातेमालो गर्न आवश्यक छ ।' उनले घान्द्रुकको ढुङ्गेली गाउँको संरक्षण गर्दै पर्यटकको बसाई लम्बाउन नयाँनयाँ कार्यक्रम र योजना अगाडि बढाउन आवश्यक रहेको धारणा राखे । कार्यक्रममा अन्नपूर्ण गाउँपालिका-७ का वडाध्यक्ष भरत गुरुङ, तमु प्हे ल्हु संघ घान्द्रुकका अध्यक्ष प्रेम गुरुङ लगायतले बोलेका थिए । घान्द्रुक पर्यटक व्यवस्थापन समितिका अध्यक्ष विक्रम गुरुङको अध्यक्षता भएको उद्घाटन समारोहलाई लामा अमृत फाउण्डेशनका संस्थापक अमृत गुरुङले सञ्चालन गरेका थिए। महोत्सवको अवसरमा आयोजित खुला क्लबस्तरीय बास्केटबल प्रतियोगितामा दाङले विजयी सुरुवात गरेको छ । दाङले घान्द्रुकलाई पराजित गर्दै विजयी सुरुवात गरेको हो । यस्तै आर्मी र टाइम्सबीच भएको खेल भने वर्षाका कारण स्थगित भएको छ।

महोत्सवका संयोजक अमृत लामा गुरुङका अनुसार उक्त खेल भोलि हुनेछ। सो प्रतियोगिताको विजेताले १ लाख र उपविजेताले ६० हजार रुपैयाँ पुरस्कारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । बास्केटबलतर्फ कुल १२ टिमको सहभागिता रहेको छ। यस्तै बधबारदेखिनैभलिबलप्रतियोगितापनि सुरु हुनेछ। क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको विजेताले १ लाख ११ हजार१ सय११, उपविजेताले ७० हजार रुपैयाँसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै महिलातर्फको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ पुरस्कारसहित शिल्ड मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् ।, पुरुष भलिबलतर्फ विधागत उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर, सेटर, सर्भर, प्रशिक्षक, उदीयमान खेलाडीलाई (सेमिफाइनलबाट म्यान अफ द म्याच) पुरस्कृत गरिनेछ । यस्तै महिलातर्फ उत्कृष्ट खेलाडी, स्पाइकर, डिफेण्डर, सेटर हुने खेलाडीलाई (सेमिफाइनलबाट म्यान अफ द म्याच) पुरस्कृत गरिने अध्यक्ष गुरुङले जानकारी दिए। यस्तै घोडा दौड प्रतियोगिताको विजेताले ५५ हजार ५ सय ५५, उपविजेताले २७ हजार ७ सय ७७ र तेस्रो हुनेले ११ हजार ११ रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ । यस्तै चक्रीय पदमार्ग दौड प्रतियोगिताको विजेताले १५ हजार, दोस्रो हुनेले १० हजार र तेस्रो हुनेले ५ हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछ। यस्तै ठेलो प्रतियोगितातर्फ विजेताले ८ हजार र उपविजेताले ५ हजार रुपैयाँ प्राप्त गर्नेछ । महोत्सवको अवधिमा ह्विलचियर बास्केटबलको समेत प्रर्दशन गरिने छ । सो महोत्सवको हरेक बेलुकी विभिन्न जातिका प्रचलित नृत्य तथा सांगीतिक कार्यक्रमहरु प्रस्तुत हुने संयोजक गुरुङले जानकारी दिए । उनका अनुसार सो महोत्सवमा आदिम कला केन्द्रले नृत्यहरु प्रस्तुत गर्नेछन्। घान्द्रुक पर्यटन व्यवस्थापन समितिले महोत्सव अवधिभर घान्द्रुक जाने पर्यटकलाई ३० प्रतिशत छुट दिएको छ। कास्कीको अन्नपूर्ण गाउँपालिका १०/११ स्थित घान्द्रुकमा आज चैत्र २७ देखि ३० गतेसम्म आयोजना गरिएको घान्द्रुक पर्यटन महोत्सवमा पर्यटकहरुलाई ३० प्रतिशत छुट दिएको अध्यक्ष विक्रम गुरुङले बताए। उनका अनुसार प्रतियोगितामा सहभागि हुने खेलाडीहरुलाई खाना र बस्नको लागि प्रतिव्यक्ति ६ सय रुयैयाँ निर्धारण गरिएको छ।

घान्द्रुकमा अहिले ७० वटा व्यवस्थित होटल र १७ वटा होमस्टे सञ्चालनमा रहेका छन्। महोत्सवमा जाने पर्यटक तथा दर्शकलाई घान्द्रुकमा उत्पादन हुने खाद्यान्न र संस्कार, संस्कृतिसँगै प्रतियोगिताबाट मनोरञ्जन दिने आयोजकले जनाएको छ।

# बिहीबारदेखि नवदुर्गा युवा क्लवको दोस्रो भलिवल प्रतियोगिता

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

पोखरा महानगरपालिका वडा नं १३ नवदुर्गा टोल आर्वा स्थित नवदुर्गा युवा क्लवको आयोजनामा दोस्रो नवदुर्गा भलिबल प्रतियोगिता आगमी २९ गते देखी वैशाख एक गते सम्म संचालन हुने छ।





वि.स. २०५७ सालमा स्थापना भएको क्लवको प्रतियोगिताको उद्देश्य युवालाई खेलकुद प्रति आकर्षित गर्नु रहेको छ। त्यसैगरी समग्र आर्वाको शिरमा अवस्थित प्रभुधामलाई समग्र पोखराको प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रुपमा चिनाउने उद्देश्य रहेको नवदुर्गा यूवा क्लवका अध्यक्ष मनोज वरालले वताउनु भयो । युवाका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद भन्ने मुल नाराका साथ हुने प्रतियोगिता रतन पाण्डे मावि आर्वामा हुने अध्यक्ष वरालले भन्नु भयो । हरेक समुहले टिम दर्ता शुल्क तीनहजार आज दिउसो चारवाजे सम्म बुझाउने पर्ने छ । प्रतियोगितामा पहिलो र दोस्रो हुनेलाई क्रमश ३५ हजार र २० हजार मेडल, सिल्ड र प्रमाण पत्र प्रदान गरिने अध्यक्ष वरालले जानकारी दिनु भयो । साथै बेस्ट स्पाईकर, बेस्ट बलकर र बेस्ट डिफेन्डरलाई नगद एक हजार, मेडल, सिल्ड र प्रमाण पत्र वितरण गरिने छ।

## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (वाझोंपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।
- विदुरनीति

## सम्पादकीय

# असहिष्णु नबन

चैत २७ गते पहिलो जनआन्दोलन सफल भएपछि जनताले खुशीयाली मनाएको दिनमा दलहरुबीचमा दुरी बढ्दै गएको छ । काङ्ग्रेस र कम्युनिष्ट मिलेर निरंकुश निर्दलीय पंचायती व्यवस्था अन्त्य । २०४६ सालको जनआन्दोलनले निरंकुश निर्दलीय पंचायती व्यवस्था ढलेको दिन हो।२०८० सालको चैत्र २६ गणतन्त्रका विरुद्ध राप्रपाले काठमाण्डौमा शक्ति प्रदर्शन गरेको छ । नेपाली काङ्ग्रेस गृहमन्त्री रवि लामिछानेमाथि संसदीय छानबिन समितिको मागबाट पछि नहटेपछि राष्ट्रिय स्वतन्त्र पार्टीले काउन्टर माग अघि सारेको छ ।

मंगलबार बिहान बसेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संसदीय दलको बैठकले उच्चस्तरीय स्वतन्त्र छानबिन समितिको गठन गर्नुपर्ने माग गरेको छ । २०४७ यताका उच्च पदस्थ पदमा बसेका सबै व्यक्तिमाथि छानबिन हुने गरी उच्चस्तरीय छानबिन समिति गठन हुनुपर्ने रास्वपा सांसदहरुले साथ दिएका छन । बैठकले प्रमुख प्रतिपक्ष दल काङ्ग्रेसले विना आधार संसदीय छानबिन समितिको माग गरेको निष्कर्ष निकालेको छ । 'आधार विना हल्लाको भरमा यस गरिमामय सदनमा संसदीय छानबिन समितिको माग गर्नाले संसदीय व्यवस्थाको नै उपहास भएको छ,' बैठकको निर्णयमा भनिएको छ ।

हल्लाकै आधारमा संसदीय छानबिन समिति गठन गर्नु न्यायोचित नहुने रास्वपाले जनाएको छ । संसदीय समितिमा भएका निर्णयको आधारमा सांसद मनिष झाले संसदमा बोल्ने गरी रास्वपाले तयारी गरेको थियो । सभामुख देवराज घिमिरेले रास्वपाका सांसदलाई झालाई बोल्न समय दिए पनि काङ्ग्रेसले अवरोध सिर्जना गरेपछि उनी बोल्न पाएनन् ।

नयाँ समीकरण बनेपछि न्यूनतम साझा संकल्पमा कुनै पनि कालखण्डमा भएका भ्रष्टाचार छानबिन गरिने संकल्प गरेको समेत रास्वपाले जनाएको छ । 'हामी आह्वान गर्न चाहन्छौं, प्रतिपक्षी दललाई । एउटा निष्पक्ष, विज्ञसहितको उच्चस्तरीय स्वतन्त्र छानबिन समिति बनाऔं । जसले आम जनताबाट सबै प्रकारको उजुरी लेओस्, त्यसले छानबिन गरोस् सबै सांसदमाथि,' रास्वपा बैठकको निर्णयमा भनिएको छ। राप्रपाले व्यवस्था फाल्ने आन्दोलन र सदनमा मन्त्रीलाई बोल्न नदिने काङ्ग्रेसको अडानले दलहरुलाई पर धकेलेको छ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाव |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।

# पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु

पोखरापत्र संवाददाता
वालिङ, २७ चैत

आँधीखोलामा पौडी खेल्ने क्रममा डुबेर मंगलबार बिहान बालकको मृत्यु भएको छ ।

गल्याङ प्रहरी चौकीका अनुसार गल्याङ नगरपालिका-२ गराड्दी बस्ने भरत रानाको १४ वर्षीय छोरा युनिक रानाको डुबेर मृत्यु भएको हो । छजना साथीहरू पौडी खेल्न गएका थिए । राना पानीको रहमा डुबेपछि स्थानीयवासीले गल्याङ प्रहरी चौकीलाई खबर गरेका थिए। बिहान १० : ३० बजे रहमा बेपत्ता भएका रानाको खोजी गर्दा मृत फेला परेका हुन् ।

रानाको शव परीक्षणका लागि वालिङस्थित गहौं प्राथमिक अस्पतालमा पठाइएको गल्याङ प्रहरी चौकीले जनाएको छ । रानासँगै पौडी खेल्न गएका उनका साथीहरूलाई प्रहरीले सोधपुछ थालेको छ ।

# गण्डकीका मुख्यमन्त्री अधिकारीविरुद्ध रिट

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीको नियुक्ति असंवैधानिक भएको उल्लेख गर्दै बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ ।

गण्डकी प्रदेशमा नेपाली काङ्ग्रेसका संसदीय दलका नेता एवं निवर्तमान मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मुख्यमन्त्री अधिकारीले सभामुखलाई समेत जोडेर बहुमत पुऱ्याउनु असंवैधानिक भएको भन्दै रिट निवेदन दायर गर्नुभएको हो । उक्त रिट निवेदनमा यही चैत २५ गते अधिकारीले जालझेल गरी दूषित तवरले दाबी पत्र पेश गर्नुभएको र अधिकारीलाई मुख्यमन्त्रीका रुपमा कामकारबाही गर्न नदिने आदेशको माग गरिएको छ । रिट निवेदनमा सभामुख तटस्थ व्यक्ति भएकाले कुनै पनि दलका लागि बहुमत पुऱ्याउन नमिल्ने जिकिर गरिएको छ । उक्त विवादको सुनुवाइ बुधबार हुनेछ । यसअघि, कोशी प्रदेशमा नेकपा (एमाले) ले नेपाली काङ्ग्रेसविरुद्ध सोही आधारको रिट निवेदनमा सर्वोच्च अदालले सभामुखको मत जोड्न नपाउने आदेश दिएको थियो ।

# एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाइने छ : उपाध्यक्ष पौडेल

पोखरापत्र संवाददाता
पर्वत, २७ चैत

नेकपा (एमाले) का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले एमालेलाई निर्णायक राष्ट्रिय शक्तिको रुपमा विकसित गरिने बताउनुभएको छ।

एमाले पर्वतको १० औं जिल्ला अधिवेशनलाई आज कुश्मामा सम्बोधन गर्दै उपाध्यक्ष पौडेलले २०७९ सालको निर्वाचनमा लोकप्रिय मतको हिसाबले मुलुककै पहिलो दल एमाले भएको उल्लेख गर्दै २०८४ सालको निर्वाचनमा एकल बहुमत ल्याउने गरी पार्टीलाई विस्तार गरिने बताउनुभयो । उहाँले एमालेलाई किनारा लगाएर मुलुकको समृद्धि हासिल हुन नसक्ने भन्दै मुलुकको विकास र समृद्धि एमालेको नेतृत्वमा मात्रै सम्भव भएको बताउनुभयो । उपाध्यक्ष पौडेलले एमालेको विचारबाट मात्र मुलुकको विकास सम्भव भन्नुभयो । "अन्य दलहरू मुलुक निर्माणका लागि असफल भइसकेका छन्", उहाँले भन्नुभयो। विसं २०८४ मा सहयात्री खोजेर सरकार बनाउनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने उहाँको भनाइ थियो । एमालेले बहुमत ल्याए पनि सहयात्री वामपन्थी दललाई समेत समटेर सरकार बनाइने उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, केन्द्रीय सचिव गोकर्ण विष्ट, पद्मा अर्याल, सङ्गठन विभाग प्रमुख खगराज अधिकारी, केन्द्रीय सदस्य कल्पना चापागाईलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

# अन्तर प्रदेश महिला क्रिकेटको उपाधि सुदूरपश्चिमलाई

रासस
काठमाडौं, २७ चैत

प्रथम अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगितान्तर्गत महिला क्रिकेटको उपाधि सुदूरपश्चिम प्रदेशले जितेको छ ।

चितवनको भरतपुरस्थित गौतमबुद्ध अन्तरीष्ट्रिय क्रिकेट रङ्गशालाको नमूना मैदानमा आज भएको फाइनल खेलमा कोशी प्रदेशलाई पाँच विकेटले पराजित गर्दै सुदूरपश्चिमले उपाधि जितेको हो । उपाधिसँगै सुदूरपश्चिमले ट्रफी र स्वर्ण पदक प्राप्त गऱ्यो । उपविजेता कोशी प्रदेशले ट्रफी र रजत पदक प्राप्त गऱ्यो । विजेताहरूलाई समापन समारोहका प्रमुख अतिथि बागमती प्रदेशका सांसद ईश्वर सापकोटाले पुरस्कार प्रदान गर्नुभयो ।

उक्त प्रतियोगिताको उत्कृष्ट प्रशिक्षक सुदूरपश्चिमकी जानकी भट्ट हुनुभयो भने उत्कृष्ट बलर कोशी प्रदेशकी अलिशा खदिया र उत्कृष्ट ब्याटर सुदूरपश्चिमकी कप्तान बिन्दु रावल हुनुभयो । फाइनलमा कोशीले दिएको ९३ रनको लक्ष्य सुदूरपश्चिमले १९ ओभरमा ५ विकेट गुमाउँदै पूरा गऱ्यो ।

# नयाँ वर्षमा लेखनाथ हाफ म्याराथन, विजेतालाई ६० हजार रुपैयाँ पुरस्कार

पोखरापत्र संवाददाता
पोखरा, २७ चैत

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा आगामी १ वैशाखमा लेखनाथ हाफ म्याराथन हुने भएको छ । कास्की जिल्ला एथ्लेटिक्स संघको प्राविधिक सहयोगमा दोस्रो संस्करणको लेखनाथ हाफ म्याराथन हुने आयोजकले मंगलबार पत्रकार सम्मेलनमार्फत जानकारी दियो ।

पुरुषतर्फ २१ किलोमिटर हाफ म्याराथन, १० किलोमिटरको महिला/पुरुष राष्ट्रिय खुला दौड, विद्यालयतर्फ ५ किलोमिटर छात्रछात्रा र भेट्रान्सतर्फ ५ किलोमिटर दौड हुने खेलकुद विकास समितिका सदस्य सचिव सुवास खड्काले जानकारी दिए । चार वटा विधामा गरेर करिब एक हजार धावक सहभागी हुने अनुमान आयोजकको छ । हाफ म्याराथनको विजेताले ६० हजार रुपैयाँ पाउने आयोजकले जनाएको छ । द्वितीय, तृतीय, सान्त्वना र पाँचौंले क्रमशः ३० हजार, २० हजार, १० हजार र ५ हजार रुपैयाँको साथमा मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएको छ । १० किलोमिटरको महिला/पुरुष राष्ट्रिय खुला दौडको विजेताले ३० हजार र उपविजेताले २० हजार रुपैयाँ पाउने छन् । तृतीय, सान्त्वना र पाँचौं हुनेले क्रमशः १० हजार, ५ हजार र २ हजार ५ सय रुपैयाँको साथमा मेडल र प्रमाणपत्रबाट पुरस्कृत हुनेछन् । ५ किलोमिटर विद्यालय छात्रछात्रा दौडको विजेताले १५ हजार रुपैयाँ, उपविजेताले १० हजार, तृतीयले ५ हजार, सान्त्वनाले ३ हजार र पाँचौंले २ हजार रुपैयाँको साथमा मेडल र प्रमाणपत्र पाउने छन् । भेट्रान्सतर्फको विजेताले १० हजार, उपविजेताले ७ हजार, तृतीयले ५ हजार रुपैयाँ पाउने सदस्य सचिव खड्काले जानकारी दिए। दौड पुरा गर्ने सम्पूर्ण विधाका शीर्ष २० खेलाडीलाई मेडल प्रदान गरिने खेलकुद विकास समितिका उपाध्यक्ष एवं प्रतियोगिता संयोजक राजेन्द्र जिसीले जानकारी दिए । दौडमा सहभागी हुन पोखरा महानगरपालिकाको शिक्षा महाशाखा वा आदर्श क्लब, भण्डारढिकको कार्यालय पुगी वा खेलकुद विकास समितिको फेसबुक पेजमार्फत गुगल फारम भरेर २९ चैतसम्म नाम दर्ता गर्न सकिने छ । भण्डारढिकबाट सुरू हुने हाफ म्याराथन उत्तरसिंह चोक, भुगोलपार्क, रामबजार, सितागुफाचोक, सातमुहाने बजार, राजाकोचौतारा, भरुरीचोकबाट फर्केर सातमुहाने बजार, खुदी, नहरचोक, रामबजार, लेखनाथ उद्योग वाणिज्य संघको भवन हुँदै भण्डारढिक खेल मैदानमा आएर टुंगिने छ । खेलकुद विकास समितिका अध्यक्ष दीपक गोदारले प्रतियोगिताले आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि गर्ने विश्वास व्यक्त गरे । उनले लेखनाथ पनि पोखराभित्रै पर्ने तर केही पिछ्डिएकोजस्तो महसुस भएर छुट्टै नाम दिएर म्याराथन गरिएको सुनाए । पोखरा-२९ का वडाध्यक्ष श्रीप्रसाद गुरुङले लेखनाथमा राष्ट्रिय स्तरका अन्य प्रतियोगिता निरन्तर गर्न आवश्यक रहेको बताए । पोखरा-२९ मा रंगशाला बनाउने भए आफूले स्थानीयसँग कुरा गरेर जग्गाको व्यवस्थापन गरिदिने वडाध्यक्ष गुरुङको भनाइ थियो ।



## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ९ निवासी भारतीय भु.पु. सैनिक नं. SUB-JC ६१७०५९ N चोस बहादुर गुरुङको श्रीमती पन्च माया गुरुङको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर पन्च माया गुरुङ भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर पन्च माया (PANCHA MAYA) उल्लेख भई फरक–फरक अभिलेखमा फरक–फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०९ नं. वडा कार्यालयको च.नं. ११७९, मिति २०८०/११/३० को पत्रबाट लेखीआएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोराको प्रमाणित गरिन्छ ।

## एउटै व्यक्ति भएको सूचना



स्याङ्जा जिल्ला वालिङ नगरपालिका वडा नं. ६ निवासी भारतीय भु.पु. सैनिक नं. HONY/NB/SUB १४०२४६५ H धर्मराज अर्यालको श्रीमती दुर्गादेवी अर्यालको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर दुर्गादेवी अर्याल भएको साथै निजको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर दुर्गा देवी उल्लेख भई फरक–फरक अभिलेखमा फरक–फरक नामथर भएतापनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त नगरपालिका ०६ नं. वडा कार्यालयको च.नं. ६०२, मिति २०८०/११/२९ को पत्रबाट लेखीआएकोले भारतीय पेन्सन प्रयोजनको लागि सोही व्यहोराको प्रमाणित गरिन्छ ।

## Bheerkot Municipality
Bayarghari, Syangja
Gandaki Province, Nepal

## Invitation for Electronic Bids

**Date of publication: 2080/12/28**

1. The Bheerkot Municipality, Office of Municipal Executive invites electronic bids from eligible bidders for the Procurement of CCTV Camera and Attendance Machine under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Bheerkot Municipality, Bayarghari, Syangja, email: info@bheerkotmun.gov.np, telephone No. 063-400106/063-400177 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Investment Mega Bank Ltd.
   Name of Office: Bheerkot Municipality
   Khata no. 17901400000079 (Internal Revenue Account)
4. Pre-bid meeting shall be held at 2081-01-18 13:00 at the office of Bheerkot Municipality, Bayarghari, Syangja.
5. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 on 2081-01-28. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081-01-28 13:00 at the office of Bheerkot Municipality, Bayarghari, Syangja. Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 75,000 which shall be valid for 30 days beyond the validity period of the bid .If bidder wishes to submit the Cash Security, the cash should be deposited in following bank Account.
   Account Name: Ga-3 Dharauti
   Bank Name: Nepal Investment Mega Bank Ltd Bank
   Address: Bayarghari, Syangja
   Account Number: 17901400000031

# गुरुङले मनाउने ट्होर्टैं पर्व के हो ?

**रासस**
पोखरा, २७ चैत



यहाँका गुरुङहरूले मंगलबार हर्षबढाइँका साथ ट्होर्टैं पर्व मनाइरहेका छन् । बर्सेनि चैत र साउनको अन्तिम मङ्गलबार गुरुङ (तमु) समुदायमा यो पर्व मनाइन्छ । परापूर्वकालमा तमु राज्य जोगाउन बैरीलाई सीमा कटाएको सम्झनास्वरुप ट्होर्टैं पर्वको सुरुआत भएको तमु धिँ नेपालका अध्यक्ष हुम गुरुङले बताउनुभयो ।

उहाँका अनुसार गुरुङ भाषामा ट्हो भनेको राज्य वा गाउँबस्ती र टैं भनेको राज्यलाई दुःख दिने शत्रुबैरीलाई सीमा नघाएर राज्य सुरक्षित गरेको अर्थमा लिइन्छ । "कबिला कालदेखि नै तमु (गुरुङ)का स-साना राज्य रहेको र त्यहाँबाट बैरी धपाउन ट्होर्टैं पर्वको प्रचलन बसेको मान्यता गुरुङ समुदायमा छ", अध्यक्ष गुरुङले भन्नुभयो। यो पर्व प्रकृति र संस्कृतिसँग जोडिएको उहाँको भनाइ छ । यस दिनमा गुरुङहरूले प्रकृति पूजा गर्ने चलन छ । मौलिक सांस्कृतिक पर्वका रूपमा उनीहरूले ट्होर्टैंलाई मनाउँदै आएका छन् । पूर्खाको इतिहाससँग जोडिएको ट्होर्टैं पर्वलाई विसं २०५२ देखि व्यवस्थित रूपमा मनाउन थालिएको अध्यक्ष गुरुङले बताउनुभयो । तमुवान क्षेत्रका विभिन्न ठाउँबाट पोखरा झरेका गुरुङहरूले ट्होर्टैंलाई संरक्षण गरेका हुन् । कास्कीको पोखरासहित र आसपासका जिल्लाका गुरुङ बाहुल्य बस्तीमा यो पर्वलाई हर्षोलासका साथ मनाउने गरिएको अध्यक्ष गुरुङको । चैतमा उभौली र साउन उद्यौलीका रूपमा यो पर्वलाई मनाउने गरिन्छ । "तमु धिँ को आयोजनामा पोखरामा बहृत् साँस्कृतिक झाँकीसहित विविध कार्यक्रम गरेर यो पर्व मनाउँदै आएका छौँ", अध्यक्ष गुरुङले भन्नुभयो, "यो पर्वले सामाजिक एकता र भातृत्वको सन्देश दिन्छ ।" ्होर्टैं पर्वले तुम समुदायलाई आफ्नो इतिहासको पनि स्मरण गराउने गरेको उहाँको भनाइ छ । "ऐतिहासिक र सांस्कृतिक पक्षबाट हेर्दा यो पर्वको छुट्टै महत्व छ, यसमा गुरुङहरूको पहिचान झल्कन्छ", अध्यक्ष गुरुङले भन्नुभयो, "दैवी शक्ति र प्रकृति पूजक आदिवासीको सामाजिक एकतामा यस्ता पर्वले थप मद्दत पुऱ्याइरहेको छ ।"विसं २०४२ मा तमु धिँ नेपाल गठन भएपछि पोखरामा गुरुङ संस्कृति र संस्कारको जगेर्नामा समुदाय जागरुक बनेको उहाँको भनाइ छ। ट्होर्टैं पर्वका दिन गुरुङहरू आफ्ना परम्परागत बाजागाजासहित जातीय पहिरनमा सजिएर झाँकीमा सहभागी हुने गर्छन् । ट्होर्टैंमा घाटु, सोरठी, चुट्का, कृष्ण चरित्रलगायत मौलिक संस्कृति प्रदर्शन गरिन्छ । यस पर्वमा गुरुङ जातीले प्रयोग गर्ने पुराना हातहतियार, पोसाक, बाजा, झ्याली, चोपडी, सुलाची, चिम्टालगायतका सामग्री पनि प्रदर्शन गर्ने गरिएको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका-३ घाचोकका चिजबहादुर गुरुङले पितापूर्खाका पालादेखि ट्होर्टैं पर्व मनाउँदै आएको बताउनुभयो । "यस पर्वका दिन राति समूहमा बाजागाजा बजाउँदै गाउँ डुल्ने चलन छ, यसो गर्दा राक्षस र भूतप्रेत भाग्छन् भन्ने किम्बदन्ती छ", उहाँले भन्नुभयो । गुरुङ समुदायको एकता र सांस्कृतिक पहिचान कायम राख्न पनि यो पर्वले सघाएको उहाँले बताउनुभयो ।

ट्होर्टैंमा आफ्ना पितृको स्मरण सँगसँगै प्रकृतिको पूजाआजा गर्ने चलन रहेको गुरुङको भनाइ छ । "गुरुङ राज्य र गाउँबस्तीमा कसैले आक्रमण नगरोस्, दुःख नदेओस् भनेर ट्होर्टैं पर्व मनाउन सुरु गरिएको गुरुङ समुदायको इतिहासमा उल्लेख छ", उहाँले भन्नुभयो, "पर्व मनाउनाले गाउँलेको भलो हुने खेतीबाले सप्रने, रोगव्याधि हट्ने र प्राकृतिक विपत्ति नआउने जनविश्वास छ ।" यस्ता चाडपर्वले मौलिक संस्कृतिको संरक्षणमा टेवा पुग्ने गरेको डढुवा दुर्छा लमजुङ तमु समाज, पोखराका सचिव कृपाकुमार गुरुङले बताउनुभयो ।"ट्होर्टैंले सामाजिक एकताको सन्देश दिन्छ, आफ्नो समुदायका मानिसहरू भेला हुने, एकापासमा चिनजान गर्ने मौका पनि मिल्छ", उहाँले भन्नुभयो, "यो पर्व गुरुङहरूको पहिचान, संस्कार र संस्कृतिसँग गाँसिएको छ ।" ट्होर्टैं पर्वका अवसरमा कास्कीको मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाले सार्वजनिक बिदासमेत दिएको छ ।

# नगर अस्पतालमा अब चौबीसै घण्टा डाक्टर

**पोखरापत्र संवाददाता**
दमौल, २७ चैत

भानु नगरपालिका-५ पुरनडिहीस्थित नगर अस्पतालमा अब २४सै घण्टा चिकित्सक सेवा उपलब्ध हुने भएको छ ।

सङ्घीय सरकारबाट दरबन्दी कायम गरी डाक्टर खटिएसँगै अब बिरामीले २४सै घण्टा चिकित्सक सेवा पाउने निश्चित भएको हो ।

केही दिन अगाडि मेडिकल अधिकृत अपराजिता सिंह नगर अस्पतालमा हाजिर भएसँगै विशेषगरी भानु नगरपालिका तथा आसपासका बिरामीलाई परीक्षणमा सहज भएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिवाकर पौडेलले जानकारी दिनुभयो । नगर अस्पतालबाट बहिरङ्ग सेवा, २४सै घण्टा आकष्मिक सेवा, गर्भवती जाँच, प्रसूति सेवा, खोप तथा पोषण सेवा, प्रयोगशाला सेवालगायत सेवा प्रदान हुँदै आएको छ ।

पुरनडिही नगर अस्पताललाई सुविधासम्पन्न बनाउन नगरपालिकाका तर्फबाट पहल हुँदै आएको नगरप्रमुख आनन्दराज त्रिपाठीले बताउनुभयो । नगरवासीको स्वास्थ्यजस्तो महत्त्वपूर्ण विषयलाई नगरपालिकाबाट हुनसक्ने सम्पूर्ण कार्य पूरा गर्न नगरपालिका तयार रहेको र आगामी आवको बजेटमा स्वास्थ्यलाई प्राथमिकता राखिने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

भानु नगरपालिकामा चैत २८ देखि ३० गतेसम्म पाठेघरको मुखको क्यान्सर र स्तन क्यान्सरसम्बन्धी निःशुल्क परीक्षण तथा उपचार शिविर आयोजना हुने भएको छ । भानु नगरपालिका र तुलसीमाया मेमोरियल क्यान्सर रिलिफ टोखा काठमाडौँको संयुक्त आयोजनामा शिविर हुन लागेको हो ।

चैत २८ गते वडा नं १० को कालिमाटीमा रहेको नगरस्तरीय अस्पतालमा, चैत २९ गते वडा नं ३ को खहरेमा रहेको भानु स्वस्थ्य चौकीमा र चैत ३० गते पुरनडिही नगर अस्पतालमा शिविर सञ्चालन हुने भानु नगरपालिकाले जनाएको छ ।

# गलकोटका छ स्थानमा आगलागी : ३० बस्ती उच्च जोखिममा

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ चैत

बागलुङको गलकोटमा भीषण आगलागी भएको छ । गलकोट नगरपालिकाका छ सामुदायिक वनमा आगलागी हुँदा करिब ३० बस्ती उच्च जोखिममा छन् ।

वडा नं २ को किटेनी सामुदायिक वन, शिलाजित मधुवन, वडा नं ३ को पालेवन सामुदायिक वन, वडा नं ९ को मौरीभिर सामुदायिक वन, पाण्डुकेश्वरी सामुदायिक वन र वडा नं ८ को मकैखोरी वनमा आगो लागेको नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले जानकारी दिनुभयो । किटेनी सामुदायिक वन र शिलाजित मधुवनमा लागेको आगो नियन्त्रणमा लिए पनि अन्य चार सामुदायिक वनको आगो नियन्त्रण बाहिर रहेको उहाँको भनाइ छ । स्थानीयको लापरबाहीका कारण आगलागी भएको भन्दै नियन्त्रण गर्ने प्रयास गरिरहेको प्रवक्ता भण्डारी बताउनुहुन्छ । यही चैत २५ गते दिउँसोदेखि लागेको आगो अहिलेसम्म नियन्त्रणमा नआउँदा ठूलो क्षेत्रफलको वन सखाप भएको उहाँको भनाइ छ।

गलकोट-९ का अध्यक्ष तेजबहादुर थापाले आगोले झन् ठूलो रुप लिन थालेपछि बस्ती जोगाउन समस्या भएको बताउनुभयो । वनमा लागेको आगो बस्तीतर्फ पस्न थालेपछि सोमबार राति १० बस्तीलाई सुरक्षित स्थानमा सारेको जनाउँदै अझै करिब ३० बस्ती उच्च जोखिममा रहेको उहाँको भनाइ छ । गलकोट-८ र ९ मा लागेको आगोले ज्यामिरे, मल्म, तारगा गाउँका धेरै बस्ती उच्च जोखिममा रहेको अध्यक्ष थापाले जानकारी दिनुभयो । स्थानीयले नियन्त्रण गर्न नसकेपछि आगो बस्तीमा पस्न थालेको उहाँले बताउनुभयो ।

वनमा सुकेको पर्स्याउला, घाँस र दाउरा भएको हुँदा आगोले ठूलो रुप लिएको अध्यक्ष थापाको भनाइ छ । दमकल नहुँदा आगो नियन्त्रणमा समस्या भएको उहाँ बताउनुहुन्छ । अहिलेसम्म मानवीयक्षतिभनेनभएकोथापाले बताउनुभयो । उहाँले भन्नुभयो, "आइतबारदेखि लागेको आगो अहिलेसम्म नियन्त्रण हुन सकेको छैन, नियन्त्रणमा लागि धेरै प्रयास गरियो तर सफल हुन सकेका छैनौँ, हिजो राति सालघारी टोलसहित १० बस्तीलाई सुरक्षित स्थानमा सारेका छौँ, आगो निभाउने सम्भावना छैन, अहिलेसम्म कुनै पनि मानवीय क्षति हुन दिएका छैनौँ, दमकलको सुविधा छैन, मान्छेले नियन्त्रण गर्न सकिने अवस्था छैन, यही रूपमा आगो बढ्दै गयो भने धेरै गाउँका बस्ती जल्ने खतरा बढेको छ, यो हाम्रो नियन्त्रण बाहिर भयो ।"

# तनहुँमा प्रदेशस्तरीय क्रिकेट मैदान बनाइने

**पोखरापत्र संवाददाता**
दमौल, २७ चैत

तनहुँको शुक्लागण्डकी नगरपालिका-८ गणपतिस्थित गाउँफर्कोदय माध्यमिक विद्यालयको खेलमैदानलाई प्रदेशस्तरीय क्रिकेट मैदान बनाइने भएको छ ।

प्रदेश सरकारको यही चैत ९ गते बसेको मन्त्रिपरिषद्को बैठकले शुक्लागण्डकीमा प्रदेशस्तरीय क्रिकेट मैदान बनाउने निर्णय गरेको हो ।

त्यसका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमार्फत रु ४० लाख बजेट विनियोजन भएको पत्र नगरपालिकालाई प्राप्त भएको नगरप्रमुख कृष्णराज पण्डितले जानकारी दिनुभयो । पण्डितले भन्नुभयो, "मन्त्रिपरिषद्ले निर्णय गरेबमोजिम रु ४० लाख बजेट विनियोजन भएको औपचारिक पत्र नगरपालिकालाई आएको छ, क्रिकेट मैदान निर्माणका लागि प्रदेश सरकारसँग साझेदारी गर्न तयार रहेका छौँ ।" नगरपालिकाले उक्त मैदानलाई नगर रङ्गशालाको अवधारणाअनुसार आर्थिक वर्ष २०८०/८१ को नगरसभाबाट रु ८० लाख बजेट विनियोजन गरेको पण्डितले बताउनुभयो ।

प्रदेशको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले क्रिकेट खेलमैदान निर्माणका लागि सम्झौता गर्न आउन नगरपालिकालाई परिपत्र गरेको छ । आगामी वैशाख १५ गतेभित्र आर्थिक वर्ष २०८०/८१ को नगरसभाबाट रु ८० लाख विनियोजन भएको निर्णयको प्रतिलिपि, आर्थिक वर्ष २०८१/८२ मा सो खेलमैदानका लागि नगरसभाबाट बजेट सुनिश्चितता गरिने प्रतिबद्धतापत्र, खेलमैदानको विस्तृत स्वीकृत लागत अनुमान, नक्साको प्रतिलिपिसहित सम्झौताका लागि आग्रह गरिएको मन्त्रालयका उपसचिव प्रकाश देवकोटाले जानकारी दिनुभयो । शुक्लागण्डकीमा प्रदेशस्तरीय क्रिकेट खेलमैदान निर्माण हुनु सकारात्मक रहेको तनहुँ क्रिकेट सङ्घका अध्यक्ष मदन तिमिल्सिनाले बताउनुभयो । जिल्लामा क्रिकेट खेलतर्फ आकर्षण भए पनि पूर्वाधार नहुँदा समस्या भइरहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "जिल्लामा क्रिकेटका गतिविधि बिस्तारै बढ्दैछन्, यसतर्फ खेलाडी आकर्षित भइरहेका छन् तर मैदान नहुँदा प्रतियोगिता गर्न समस्या भइरहेको छ।" राम्रो खेलमैदान निर्माण गर्न सकिए क्रिकेटको विकासमा टेवा पुग्ने उहाँको भनाइ छ । क्रिकेट खेलतर्फ आकर्षण बढे पनि जिल्लामा क्रिकेटको पूर्वाधार नहुँदा खेलाडी निराश छन् । खेलमैदान नहुँदा खेलाडीले खेल प्रस्फुटन गर्ने अवसर नपाएको क्रिकेटप्रेमी कविराज श्रेष्ठको भनाइ छ।

# शेयर सदस्यलाई प्रशिक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २७ चैत

छोरेपाटन कृषि उपज बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेडले आफ्ना शेयर सदस्यलाई लक्षित गरेर प्रशिक्षण कार्यक्रम आयोजना गरेको छ ।

मंगलबार डेभिजफल टोल विकास संस्थाको सभाहलमा एक कार्यक्रमको आयोजना गरेर शेयर सदस्यलाई केन्द्रीत गरेर कृषि तथा उद्घोषण तालिम आयोजना गरेको हो । तालिममा ६५ जना सहभागी बनेका थिए । तालिममा सहजीकरण कृषि ज्ञान केन्द्र कास्कीका कृषि अधिकृत रामकृष्ण अर्याल र सञ्चारकर्मी राजाराम पौडेलले गरेको तालिम संयोजक तथा सहकारीको शिक्षा उपसमिति संयोजक युवराज भण्डारीले जानकारी दिए । सोही कार्यक्रममा सहकारीले प्रकाशन गरेको नयाँ वर्ष २०८१ को भित्तेपात्रो विमोचन समेत गरिएको सहकारीका अध्यक्ष कृष्ण बहादुर थापाले बताए । अध्यक्ष थापाको अध्यक्षतामा भएको विमोचन समारोहमा सहकारीका सल्लाहकारत्रयहरीप्रसादलम्साल, इश्वरी प्रसाद लम्साल, दुर्गादेवी सुवेदीले बोलेका थिए । शेयर सदस्यकाबीचमा नयाँ वर्षको शुभकामना आदान प्रदान समेत गरिएको सो कार्यक्रममा स्वागत उपाध्यक्ष ऋतुनाथ लम्साल र सञ्चालन सह-सचिव कमल पौडेलले गरेका थिए । २०७६ साल असार १३ गते स्थापना भएको सहकारीमा हाल ५ सय ३० जना शेयर सदस्य रहेको अध्यक्ष थापाले खुलाए ।

# ताराखेल संरक्षण गर्दै तमानखोला गाउँपालिका

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ चैत

बागलुङ जिल्लाको तमानखोला गाउँपालिकाले ताराखेल (धनुषबाण) संरक्षणको काम सुरु गरेको छ। आदिवासी जनजाति समुदायमा लोकप्रिय ताराखेल लोप हुने अवस्थामा पुगेपछि तीन वर्षदेखि प्रवर्द्धनात्मक कार्यक्रम गर्दै आएको हो ।

गाउँपालिकाले ताराखेलको संरक्षण गर्दै नयाँ पुस्ताका खेलाडी उत्पादनमा जोड दिएको छ । परम्परागत र आधुनिक दुई विधामा तारा खेल प्रतियोगिता हुन थालेका छन् । खासगरी मगर, छन्त्याल, थकालीलगायत आदिवासी जनजाति समुदायमा यो खेल प्रचलित छ ।

जनजातिको बाहुल्यता रहेको तमानखोलामा नयाँ खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिनुभयो। "खासगरी बागलुङको पश्चिम क्षेत्रमा आदिवासी जनजाति समुदायको बाक्लो बस्ती छ, उनीहरूको परम्परागत खेललाई संरक्षण गर्दै गाउँपालिकाले विगतमा झैँ यस पटक समेत तमानखोला ताराखेल च्याम्पियन आयोजना गरिसकेको छ," गाउँपालिका अध्यक्ष बुढाले भन्नुभयो, "परम्परागत र अन्तर्राष्ट्रिय मापदण्ड गरी दुई विधामा प्रतियोगिता गराएका छौँ।" चालु आर्थिक वर्षमा गाउँपालिकाले ताराखेल प्रतियोगिताका लागि रु दुई लाख बजेट विनियोजन गरेको थियो । प्रतियोगिता सोमबार मात्रै सम्पन्न भएको छ । प्रतियोगितामा ५९ जना ताराखेलका खेलाडी सहभागी थिए । ताराखेलको परम्परागत विधामा १७ र आधुनिक विधामा ४२ जना सहभागी थिए । आधुनिक विधामा दिलीप छन्त्याल र परम्परागतमा टाइगर बुढाथोकी विजेता हुनुभएको थियो । दुवै विधाका विजेताले नगद रु १५ हजार ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । दोस्रो स्थान प्राप्त गर्नेले नगद रु १० हजार मेडल र प्रमाणपत्र तथा तृतीय हुनेले नगद पाँच हजार, मेडल र प्रमाणपत्र प्राप्त गर्नुभयो ।

पाँच खेलाडीलाई नगद दुई हजार प्रदान गरिएको छ। "धनुषबाण खेल व्यक्तिगत रूपमा खेलिरहेका हुन्छौँ त्यही खेललाई गाउँपालिकाले प्रवर्द्धन गर्दा हामीलाइ हौसला बढेको छ," यस वर्षका विजेता खेलाडी दिलीप बुढाथोकीले भन्नुभयो । यही खेल अन्तर्राष्ट्रियस्तरमा आर्चरीका नाममा प्रतिस्पर्धा हुने गरेको छ। त्यसैले गाउँगाउँमा खेलाडी उत्पादन गर्न प्रतियोगिताले सहयोग पुग्ने अर्का खेलाडी टाइगर बुढाथोकीले बताउनुभयो । "तमानखोलामा धनुषबाण प्रतियोगिताको प्रदेश र राष्ट्रियस्तरका खेलाडी हुनुहुन्छ," उहाँले भन्नुभयो, "यहाँका नवप्रतिभालाई प्रोत्साहित गरेर अन्तर्राष्ट्रियस्तरको प्रतियोगितामा खेल्ने खेलाडी उत्पादन गर्न सकियोस् ।" धनुषबाण अर्थात् ताराखेल सिकारी युगपछि कृषि युगमा प्रवेश गरेसँगै सुरुआत भएको मानिन्छ। परापूर्वकालमा जङ्गलको छेउछाउमा बसोबास गर्ने आदिवासीले सिकार खेल्न धनुषबाण प्रयोग गर्थे ।

त्यही धनुषबाण पछि ताराखेलका रूपमा विकास भएको स्थानीय खिमबहादुर पुन बताउनुभयो । ताराखेलका लागि धुनषबाण, तीर र निशाना आवश्यक पर्छ । पछिल्लो समय धुनषबाण र तीर बनाउने व्यक्ति पाइन छोडेको छ । नेपाली मौलिक खेलका सामग्री अहिले विदेशबाट आयात गर्नुपर्ने अवस्था रहेको खेलाडीहरू बताउँछन् ।


## शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस श्री लीला आधारभूत विद्यालयको रिक्त नि.मा.वि. तहको अंग्रेजी विषयको राहत शिक्षक पदमा खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने विद्यालय व्यवस्थापन समितिको २०८०/१२/२५ को निर्णय एवं पोखरा महानगर पालिका शैक्षिक प्रशासन शाखाको मिति २०८०/१२/२५ गतेको चलानी नं. ६११३ को पत्रानुसार तपसिलको योग्यता पुगेको इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त आव्हान गरिन्छ ।

**तपसिल**

**१. विज्ञापन नं.** : ०१/०८०
**२. विषय** : अंग्रेजी
**३. पद संख्या** : १ (एक)
**४. पद** : शिक्षक
**५. तह** : नि.मा.वि. राहत
**६. न्यूनतम शैक्षिक योग्यता**: मान्यता प्राप्त शैक्षिक संस्थाबाट मूल विषय अंग्रेजी लिई +२ वा सो सरह उर्तीण गरी, नि.मा.वि. तहको अध्यापन अनुमति प्राप्त ।
**७. उमेर** : १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।
**८. आवेदन साथ पेश गर्नु पर्ने कागजातहरु**: हस्तलिखित निवेदन सहित शैक्षिक योग्यता प्रमाण-पत्रको प्रतिलिपि, नि.मा.वि. तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि ।
**९. आवेदन दस्तुर** : रु १०००।- (अक्षेरुपी एक हजार मात्र)
**१०. परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता
**११. परीक्षा हुने स्थान** : शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्की
**१२. तलब तथा अन्य सुविधा** : नेपाल सरकारको प्रचलित नियमानुसार
**१३. आवेदन बुझाउने स्थान** : श्री लीला आ.वि. पोखरा २२, कास्की (विद्यालय समय भित्र)
**१४. अन्तिम मिति** : २०८१ वैशाख ०९ गते ४ बजे सम्म
**१५. सम्पर्क मिति** : २०८१ वैशाख १० गते १२ बजे
**१६. सम्पर्क नं.**: ९८४६०३४५२३, ९८४६०२३५८५

नोट : शिक्षक सेवा आयोगबाट करार सूचिमा नाम भएका आवेदकले विज्ञापन खुलेको ७ दिन भित्र सर्म्पक गर्नेलाई प्राथमिकता दिइनेछ ।

नोट : यो सूचना मिति २०८०/१२/२६ गते पत्रिकामा प्रकाशन हुनु पर्नेमा प्राविधिक कारणवस २०८०/१२/२८ गते प्रकाशित गरिएको छ ।

**घनश्याम देवकोटा**
प्रधानाध्यापक